नेपाल सरकार
# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरवार, काठमाडौं
(स्थानीय तह क्षमता विकास शाखा)

फोन नं ४२००३०६, ४२००३३६

पत्र संख्या : २०७४।७५
चलानी नं: ८९३

मितिः २०७५/०२/१५

विषयः मन्त्रालयबाट प्रकाशित विज्ञ व्यक्तिहरुको सेवा सम्बन्धमा।

श्री जिल्ला समन्वय समितिको कार्यालय (सबै)
श्री महा/उपमहा/नगरपालिकाको कार्यालय (सबै)
श्री गाँउपालिकाको कार्यालय (सबै)

यस मन्त्रालयबाट मिति २०७४।०८।२६ मा माग भए बमोजिमका विषय र काम गर्न ईच्छुक प्रदेशको नाम खुलाई विज्ञको सूचीमा सूचीकृत हुन चाहने व्यक्तिहरुको निवेदन माथि मूल्याङ्कन गरी मिति २०७५।०२।०७ को नेपाल सरकार (सचिवस्तर) को निर्णय बमोजिम सूची सार्वजनिक भैसकेको व्यहोरा अवगत नै छ । उक्त सूचीको विषयमा विभिन्न जिज्ञासाहरु आईरहेको सन्दर्भमा निम्म बमोजिमको गर्नु गराउनु हुन सम्बन्धित सबैलाई जानकारी गराईन्छ ।

निम्नः

१. विषयगत/प्रदेशगत स्तरमा विज्ञहरुको सूची प्रकाशित गरी स्थानीय तहमा आवश्यक तालिम तथा क्षमता विकासका कार्यक्रमहरुमा स्थानीय तहले आवश्यकता अनुसार Roster मा सूचीकृत व्यक्तिहरुबाट सेवा लिन सक्ने छन् ।यस सम्बन्धमा मन्त्रालय समक्ष निर्देशन माग गरिरहनु नपर्ने ।

२. विज्ञहरुले यस सम्बन्धमा मन्त्रालयमा सम्पर्क गरिरहनु पर्ने छैन । मागको आधारमा सेवा प्रवाह गर्नुपर्ने हुनाले माग बमोजिमका स्थानीय तहमा गई सेवा प्रवाह गर्नु विज्ञको कर्तव्य हुनेछ ।

३. स्थानीय तहले माग गरेको ३ पटक सम्म विज्ञले सेवा दिन नसकेमा वा सेवा प्रवाह गर्ने प्रतिवद्धता व्यक्त गर्ने तर सेवा प्रवाह गर्न नगएमा विज्ञको सूचीबाट नाम हटाईने छ र निजसँग कुनै पनि स्थानीय तहले सेवा लिन सक्नै छैन ।

४. स्थानीय तहले विज्ञलाई सेवा लिन बोलाईसकेपछि निजको सेवा नलिन वा अन्यथा गर्न सक्ने छैन । विज्ञहरुसँग सेवा लिदा खरिद ऐन तथा नियमावली बमोजिम प्रत्येक कामको हिसाबले सम्झौता गरी गर्नुपर्नेछ ।

५. एउटा काम गरिसकेपछि सोही आधारमा अर्को काम गर्ने अग्राधिकार कुनै विज्ञलाई हुनेछैन । सकेसम्म विज्ञहरुको सेवा प्रवाहको प्रभावकारितालाई मूल्याङ्कन गरी थप सेवा गर्ने मौका दिन सकिने व्यवस्था गर्नुपर्नेछ ।

.......................
(रमेश अधिकारी)
उपसचिव

बोधार्थ :
श्री सूचना तथा प्रविधि शाखा ; website मा upload गर्नुहुन ।

भ्रष्टाचार विरुद्धको चाल, असल शासनको बहाल ।